**Prithvi Journal of Research and Innovation**
[A Peer-Reviewed, Open Access Multidisciplinary Bilingual Journal; Indexed in NepJOL]
ISSN 2705-4888 [Print]; ISSN 2705-4896 [Online]
Special Issue "Research & Practice", 15 June 2021, pp. 94-111
eJournal Site: http://ejournals.pncampus.edu.np/ejournals/pjri/

------------------------------------------------------- *THEORETICAL/CRITICAL ESSAY ARTICLE*

# भाषा र पारिभाषिक शब्दावलीको कोशीय प्रारूप : एक विश्लेषण
# [Lexical Structures of Language and Linguistic Semantics: An Analysis]

**यादवराज उपाध्याय, उपप्राध्यापक**
**[Yadav Raj Upadhyay, Lecturer]**
नेपाली विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा
[Department of Nepali, Prithvi Narayan Campus, Pokhara]

**Article History:**
*Submitted 10 May 2021*
*Reviewed 21 May 2021*
*Accepted 01 June 2021*

**Corresponding Author:**
*Yadav Raj Upadhyay*
*Email: yrupadhyay27@gmail.com*

**Article DOI**:
*https://doi.org/10.3126/pjri.v3i1.37438*

**Copyright Information:**
*Copyright 2021 © Author/s and Centre for Research and Innovation.*

*This work is licensed under a Creative Commons Attribution-NonCommercial 4.0 International License.*

**Publisher:**
*Centre for Research and Innovation*
*Prithvi Narayan Campus*
*Tribhuvan University*
*Pokhara, Nepal*
*[Accredited by UGC, Nepal]*

*Tel.: +977-61-576837*
*Email: research@pncampus.edu.np*
*URL: www.pncampus.edu.np*

**सार [ABSTRACT]**

*यस शोधन आलेखमा भाषा, भाषा विज्ञानको परिचय तथा शाखाहरूबारे चिनारी प्रस्तुत गर्दै पारिभाषिक शब्दावली र कोशीय प्रारूपबारे खोज विश्लेषण गरिएको छ । भावाभिव्यक्तिको संस्कृति विचार विनिमयको आधार भाषाका बारेमा वैज्ञानिक ढङ्गले अध्ययन गर्ने ज्ञानको शाखा नै भाषा विज्ञान हो । व्याकरण, भाषाशास्त्र हुँदै विकसित भाषा विज्ञानको संरचक पक्षका आधारमा ध्वनि विज्ञान, वर्ण विज्ञान, व्याकरण (रूप, रूप सन्धि र वाक्य) र अर्थ विज्ञान प्रमुख शाखाहरू हुन् । अध्ययन विश्लेषणको पद्धतिका आधारमा भाषा विज्ञानका ऐतिहासिक, तुलनात्मक र वर्णनात्मक प्रमुख तिन शाखाहरू छन् । सिद्धान्तकेन्द्री र प्रयोगकेन्द्री आधारमा भाषा विज्ञान सैद्धान्तिक र प्रायोगिक दुई प्रकारका हुन्छन् । भाषा शिक्षण, कोश विज्ञान, शैली विज्ञान, सामाजिक भाषा विज्ञान, मनोभाषा विज्ञान, अनुवाद विज्ञान, कम्प्युटर विज्ञान, व्यतिरेकी भाषा विज्ञान, सङ्कथन विश्लेषण आदि प्रायोगिक भाषा विज्ञानका प्रकारहरू हुन् । भाषाविज्ञानका यी शाखाहरूमा प्रयुक्त परिभाषाका माध्यमबाट बुझ्नु पर्ने सयौं पारिभाषिक तथा प्राविधिक शब्दावलीहरू छन् । यस्ता शब्दावलीहरूलाई शब्दकोशीय ढाँचामा पेस गर्न सकिने कोशीय प्रारूपको सीमित नमुना समेत यहाँ प्रस्तुत गरिएको छ । [Linguistic semantics and lexical structures have been discussed in this paper, introducing language, linguistics and its forms. Linguistics is the scientific study of language and its structure that is associated with the knowledge systems while communiting across cultures. It is a developed form of grammar, including other aspects of language such as sound system, letters, words, sentences and meanings. It has three main branches such as historical linguistics, comparative linguistics and descriptive linguistics. It can also be categorized into two types: theoretical linguistics and applied linguistics. There are other types of linguistics as well that include language teaching, lexicology, stylistics, sociolinguistics, psycholinguistics, translation studies, computational linguistics and*

*narratology are some examples of applied linguistics. Based on these branches of linguistics, there are hundreds of linguistic semantics to be leant in the study of language and its structure. In this paper, they are exemplified as lexical structures of language and linguistic semantics.]*

**मुख्य शब्दहरू :** भाषा, भाषाविज्ञान, प्रायोगिक भाषा विज्ञान, पारिभाषिक शब्दावली, क्रेओल, कोशीय प्रारूप
**[KEYWORDS:** Language, linguistics, applied linguistics, linguistic semantics, creole, lexical structure]

**विषयप्रवेश**

भाषा विज्ञान भाषा सम्बन्धी व्यवस्थित वस्तुनिष्ठ तथ्यपरक ढङ्गले अध्ययन विश्लेषण गर्ने विज्ञान हो । वाङ्मयका विविध आयामहरूमध्ये एक भाषा विज्ञान व्याकरण, भाषाशास्त्र हुँदै विकसित ज्ञान विज्ञानको शाखा हो । यसले भाषाको आन्तरिक संरचना ध्वनि, वर्ण, रूप, रूपसन्धि, वाक्य, सङ्कथन् देखि अर्थ, सिद्धान्त प्रयोग सन्दर्भ, ऐतिहासिकता, तुलना आदिबारे तथ्यगत आधारमा सूक्ष्म ढङ्गले खोज विश्लेषण गर्दछ ।

वर्तमान भाषा विज्ञानका दुई दर्जन बढी शाखाहरू आफ्नै वैशिष्ट्य सहित विकास भएका छन् । संरचनागत आधारमा भाषा विज्ञानका शाखाहरूमा ध्वनि विज्ञान, वर्ण विज्ञान, रूप विज्ञान, रूपसन्धि विज्ञान, वाक्य विज्ञान, अर्थ विज्ञान पर्दछन् । अध्ययन पद्धतिगत आधारमा ऐतिहासिक, वर्णनात्मक र तुलनात्मक भाषा विज्ञान पर्दछन् । सिद्धान्तकेन्द्री सैद्धान्तिक भाषा विज्ञान र प्रयोगकेन्द्री प्रायोगिक भाषा विज्ञान हुन् । यस्तै विषय सापेक्ष भाषा विज्ञानहरूमा समाज भाषा विज्ञान, मनोभाषा विज्ञान, मानवशास्त्रीय भाषा विज्ञान, शैली विज्ञान, भाषा शिक्षण, कोश विज्ञान, अनुवाद विज्ञान आदि शाखाहरू छन् ।

भाषा विज्ञानका माथि उल्लेख गरिएका र अरू शाखाहरूमा विशेष अर्थ सहित प्रयोग भएका पारिभाषिक तथा प्राविधिक शब्दावलीहरू सङ्ख्यात्मक रूपमा अधिक छन् । भाषा विज्ञान सम्बन्धी पारिभाषिक तथा विशेष शब्दहरूको कोशलाई नै भाषा विज्ञान कोश भनिन्छ । नेपाली भाषामा अन्य क्षेत्रमा प्रशस्तै गहन कार्य भए तापनि भाषा विज्ञानकोश निर्माणका क्षेत्रमा कुनै शोधकार्य भएको छैन (लुइँटेल, २०५८ पृ. ४२) । अतः नेपाली भाषामा भाषाविज्ञानका क्षेत्रमा प्रचलित पारिभाषिक तथा विशेष शब्दहरूको स्रोत, व्युत्पत्ति, परिचय, सामान्य तथा विशिष्ट अर्थ, सन्दर्भ प्रसङ्ग अर्थ, तहगत अर्थ, परिभाषा, सूत्र, नियम, उदाहरण, विकासक्रम आदि समावेश गरी वस्तुनिष्ठ व्यवस्थित विशेष, शब्दकोशको अपूर्णता छ । नेपाली भाषालाई समृद्ध बनाउन, भाषा विज्ञानप्रति रुचि जगाउन, नेपाली भाषा विज्ञानका शोधकर्ता, अध्यापक, विद्यार्थीहरूलाई सहजता प्रदान गर्न, बुझाइमा एकरूपता ल्याउन नेपाली भाषामा भाषाविज्ञान कोशको विशेष महत्त्व रहन्छ । नेपाली भाषामा यस प्रकृतिका शब्द शब्दावलीहरूलाई आधार बनाइएको आधिकारिक भाषा विज्ञानकोशको आवश्यकता खड्किएको छ । यहाँ भाषा र भाषा विज्ञान सम्बन्धी सङ्क्षिप्त सैद्धान्तिक चिनारी सहित भाषा विज्ञानकोश तयार गर्नका लागि आवश्यक प्रारूप प्रस्तुत गरिएको छ ।

**समस्याकथन र उद्देश्य**

नेपाली भाषामा भाषा विज्ञानकोशको अभाव/प्राज्ञिक अपूर्णता मूल समस्या हो । यो शोधन आलेख यही मूल समस्यामा केन्द्रित छ । भाषा विज्ञान र कोशीय प्रारूपबारे दुई चरणहरूमा आधारित रही आलेखको समस्या कथन निश्चित गरिएको छ । ती यस प्रकार छन् :

- पारिभाषिक शब्दावली भन्नाले के बुझिन्छ ?
- भाषा विज्ञानको कोशीय प्रारूप कस्तो हुन्छ ?

भाषा र पारिभाषिक शब्दावलीहरूबारे खोज विश्लेषण गरी नेपाली भाषामा भाषा विज्ञानको कोशीय प्रारूप प्रस्तुत गर्नु नै यस आलेखको उद्देश्य हो । बुँद्धागत रूपमा यस आलेखका उद्देश्यहरू यस प्रकार छन् :

- भाषा र पारिभाषिक शब्दावलीबारे संक्षिप्त चिनारी दिने ।
- भाषा विज्ञानको कोशीय प्रारूप तयार गर्ने ।

## अध्ययन विधि

अध्ययन विधि अन्तर्गत सामग्री सङ्कलन, विश्लेषण र सैद्धान्तिक ढाँचा पर्दछन् । यस आलेखका लागि आवश्यक सामग्री सङ्कलन मूलतः भाषा विज्ञानसँग सम्बन्धित पुस्तक पत्रपत्रिका, शब्दकोश, ज्ञानकोश आदि लिखित सामग्रीहरूबाट गरिएकाले क्षेत्रगत आधारमा तथ्य सामग्रीको स्रोत पुस्तकालय नै हो। भाषा विज्ञानसँग सम्बद्ध पुस्तक, पत्रपत्रिकाहरूको पाठ विश्लेषण, सन्दर्भपरक अध्ययन, तुलनात्मक विश्लेषण, व्यतिरेकी विश्लेषण आदि अर्थापन विधि अपनाएर सामग्री व्यवस्थित गरिएको छ । यस आलेखका लागि भाषा र पारिभाषिक शब्दावलीको कोशीय प्रारूपको तयारी कोश विज्ञान सम्बन्धी सिद्धान्तमा आधारित रही गरिएको छ ।

## भाषा विज्ञानको प्रकार र पारिभाषिक शब्दावली

ज्ञान विज्ञानका क्षेत्रमा विकसित बहुआयामहरू मध्ये भाषा विज्ञान एक हो । यसका पनि विभिन्न प्रकारहरू छन् । भाषाका बारेमा वैज्ञानिक तरिकाले विभिन्न कोणबाट अध्ययन विश्लेषण गर्ने भाषा विज्ञानको प्रकार निर्धारण गर्ने विशिष्ट आधारहरू हुन्छन् । अध्ययन विश्लेषण गरिने भाषाका संरचक घटक वा एकाइगत केन्द्रीयताका आधारमा भाषा विज्ञान ध्वनि विज्ञान, वर्ण विज्ञान, रूप विज्ञान, रूपसन्धि विज्ञान, वाक्य विज्ञान र अर्थ विज्ञान गरी भाषा विज्ञानका छ प्रकारहरू छन् । रूप विज्ञान, रूप सन्धि विज्ञान र वाक्य विज्ञानलाई समग्रमा व्याकरण अन्तर्गत राखिएको पनि पाइन्छ । भाषा विज्ञानमा संरचनावादको विकाससँगै यी शाखाहरू विकास भएका छन् । खोज अनुसन्धान गरिने विधि पद्धति, समय सन्दर्भका आधारमा ऐतिहासिक, तुलनात्मक र वर्णनात्मक गरी भाषा विज्ञानका तिन प्रकारहरू छन् । भाषाको सिद्धान्त पक्षमा केन्द्रित रही भाषाका विश्वजनीय स्वरूप, स्वभाव, नियम, प्रवृत्ति आदि पक्षहरूबारे अध्ययन विश्लेषण गर्ने भाषा विज्ञानको प्रकारलाई सैद्धान्तिक भाषा विज्ञान भनिन्छ । सिद्धान्तकेन्द्री भाषा विज्ञानलाई सामान्य भाषा विज्ञान पनि भन्ने गरिन्छ । कुनै निश्चित प्रयोग पक्षमा केन्द्रित रही त्यसका प्रकार्यगत प्रवृत्तिहरूको खोज विश्लेषण गर्ने भाषा विज्ञानको प्रकार अन्तर्गत प्रायोगिक भाषा विज्ञान पर्दछ । विषयवस्तु सापेक्ष र प्रयोगगत विशिष्टताका आधारमा कोशविज्ञान, कम्प्युटर विज्ञान, शैली विज्ञान, अनुवाद विज्ञान, सङ्कथन विश्लेषण, व्यतिरेकी भाषाविज्ञान, समाजभाषा विज्ञान, मनोभाषा विज्ञान आदि प्रायोगिक भाषा विज्ञानका दर्जन बढी शाखाहरू विकास भएका छन् ।

संरचनात्मक भाषाविज्ञानले भाषाको संरचनामा केन्द्रित भएर वैज्ञानिक ढङ्गले अध्ययन विश्लेषण गरेपश्चात् ध्वनि विज्ञान, वर्ण विज्ञान, व्याकरण र अर्थविज्ञान विकास भएका छन् । ध्वनि विज्ञानमा मानवीय ध्वनि अवयवबाट उच्चारित भाषिक ध्वनिहरूको वस्तुनिष्ठ, व्यवसिथत ढङ्गले सूक्ष्म रूपमा पहिचान, वर्गीकरण, विशिष्टताबारे विश्लेषण गरिन्छ । यसमा ध्वनि अवयव, स्थान, प्रयत्न, घोषत्व, प्राणत्व, खण्डीय-खण्डेतर ध्वनि; औचारिक, साञ्चरिक र श्रावणिक ध्वनिबारे खोज विश्लेषण हुन्छ । भाषाका वर्णहरूको अध्ययन गर्दा ध्वनि विज्ञानले सैद्धान्तिक आधार प्रदान गर्दछ (बन्धु, २०४८ पृ. १७) । अर्थभेदक क्षमता भएको भाषाको लघुतम एकाइ वर्णका बारेमा केन्द्रित भई अध्ययन गरिने भाषा नै वर्ण विज्ञान हो । यसमा वर्ण, संवर्ण, वर्ण विश्लेषण सिद्धान्त आदि वर्णगत पक्षहरूबारे सूक्ष्म रूपमा व्याख्या विश्लेषण गरिन्छ । भाषा विज्ञानको केन्द्रीय घटक व्याकरण अन्तर्गत रूप विज्ञान, रूपसन्धि विज्ञान र वाक्य विज्ञान पर्दछन् । परम्परागत व्याकरणभन्दा विशिष्ट भाषा विज्ञानको एक प्रकार व्याकरणमा रूप, संरूप, पद (शब्द), पदावली, वाक्यांश, उपवाक्य र वाक्यका बारेमा व्याख्या विश्लेषण गरिन्छ । यस अन्तर्गत मुक्त रूप र बद्ध रूप, रूप निर्धारण, रूप विश्लेषण, सिद्धान्त, रूप सन्धिमा हुने परिवर्तन भाषिक स्वरूप, दिशाका साथै वाक्यको परिचय, प्रकार, स्वरूप, उद्देश्य र विधेय, वाक्यका तत्त्वहरू, वाकयान्तरण सिद्धान्त आदिबारे व्याख्या विश्लेषण गरिन्छ । अर्थ विज्ञानले शब्द र अर्थको सम्बन्ध, अर्थ निर्धारण, अर्थका प्रकार, अर्थ परिवर्तनका कारण, दिशा आदिको विज्ञान सम्मत अध्ययन गर्दछ (न्यौपाने र अरु, २०६९ पृ. १३) ।

कालिक तथा विधि पद्धतिका आधारमा भाषा विज्ञान ऐतिहासिक, तुलनात्मक र वर्णनात्मक गरी तिन प्रकारका हुन्छन् । ऐतिहासिक भाषा विज्ञान इतिहासवादमा आधारित हुन्छ । इतिहासबाट अध्ययन पद्धति वा विधि ग्रहण गरेको यस भाषा विज्ञानको रुचि तथा झुकाव भाषाको इतिहासतिर केन्द्रित हुन्छ । यसमा भाषाको क्रमिक विकासको इतिहास प्रस्तुत गरिएको हुन्छ  यसले भाषाको आदि रूप के कस्तो थियो? परिवर्तन हुँदै मध्ययुगीन रूप कस्तो भयो ? अनि वर्तमानमा के कस्तो छ ? (द्विवेदी, सन् १९९४ पृ. १) भन्ने भाषिक इतिहासको तथ्यपरक खोज विश्लेषण गर्दछ । कालक्रमिक भाषा विज्ञान पनि भनिने यसमा भाषिक गतिशीलताको अध्ययन हुन्छ । भाषाको उत्पत्ति, विकास तथा विस्तार, भाषिक लोप हुनुमा के कस्ता घटनाहरूले भूमिका खेल्यो भन्नेबारे ऐतिहासिक तथ्याङ्कका आधारमा निष्कर्ष निकाल्ने गर्दछ (आचार्य,

२०६८, पृ. ४०) । यस भाषा विज्ञानमा भाषा वा भाषाहरूको इतिहास, भाषा परिवार, व्युत्पत्तिगत सन्दर्भ, पुनर्निर्माण, भाषिक परिवर्तन, भाषातात्त्विक पुरातत्त्व, पिजिन, क्रेओल एक वा एकभन्दा बढी भाषाहरूको दुई वा दुईभन्दा बढी समय विन्दुमा उभिएर खोजी कार्य गरिएको छ । तुलनात्मक विधि पद्धति अंगालेर दुई वा दुई भन्दा बढी भाषिक रूपहरूको अध्ययन विश्लेषण गरिने भाषा विज्ञानको प्रकार नै तुलनात्मक भाषा विज्ञान हो । यसमा दुई वा दुई भन्दा बढी काल खण्डका एक वा एकभन्दा धेरै भाषाहरूको विविध पक्षमा केन्द्रित रही तुलना गरेर अध्ययन गरिन्छ । समानताका जोड दिने र भिन्नतामा जोड दिने आधारमा यसका मूलत : दुई भेट हुन्छन् 'तुलनात्मक भाषा विज्ञान र व्यतिरेकी भाषा विज्ञान । यसमा भाषाको पारिवारिक वर्गीकरण, भाषाका शाखा प्रशाखाहरू, वंशवृक्ष, भिन्न भाषाका साझा प्रवृत्ति एउटै भाषाका भाषिक र उपभाषिकाको स्वरूपबारे तुलनात्मक अध्ययन हुन्छ । यसले ऐतिहासिक भाषा विज्ञान र वर्णनात्मक भाषा विज्ञान दुवैबाट आवश्यकता अनुसार विधि प्रविधि र विषयवस्तुहरू ग्रहण गरेको हुन्छ । वर्णनात्मक विधि पद्धति अँगाली भाषिक एकाइहरूको तथ्य वा वस्तुगततामा आधारित रही व्याख्या विश्लेषण गर्ने वर्णनात्मक भाषा विज्ञान निश्चित कालखण्डमा केन्द्रित हुन्छ । भाषाका ध्वनि, वर्ण, रूप, वाक्य आदि आन्तरिक संरचक घटकमा सङ्केन्द्रित हुनु, समसामयिक कथ्य वा बोलचालको भाषालाई बढी महत्त्व दिनु, व्याकरणिक शुद्धता तथा स्तरीयताको खोजी नगरी सबै प्रकृतिका भाषा, भाषिका, उपभाषिका, व्यक्तिबोली, लिखित भाषा, लोक साहित्य आदि भाषिक रूपहरूको आग्रह रहित समान महत्त्वका साथ अध्ययन विश्लेषण गर्नु, अर्थमा भन्दा विविध भाषिक रूपमा केन्द्रित हुनु आदि वर्णनात्मक भाषा विज्ञानका विशेषताहरू हुन् । वर्णनात्मक भाषा विज्ञानले खास क्षेत्र र पद्धतिमा केन्द्रित हुँदै भाषाको वर्णन गर्दछ । भाषाको वर्णन गर्नु नै यसको साध्य वा विषय हो (न्यौपाने र अरु, २०६९, पृ. १३) । यसको सम्बन्ध मूलत : भाषाको वर्तमान स्वरूपसँग हुन्छ । तर्कमा नभई तटस्थ रूप वस्तुनिष्ठ अध्ययनमा केन्द्रित रही भाषाको ध्वनि, रूप र वाक्यको अध्ययन गर्नु र जे जस्तो रूप देखिन्छ त्यसलाई वस्तुपरक ढङ्गले विश्लेषण गर्नु नै वर्णनात्मक भाषा विज्ञानको उद्देश्य हो (आचार्य, २०६८ पृ. ४१) । परम्परागत व्याकरण र भाषाशास्त्रलाई वैज्ञानिक स्वरूप प्राप्त गरेपछि मात्रै भाषा विज्ञानको उदय भयो । भाषिक अध्ययनका क्षेमा वैज्ञानिकता यही वर्णनात्मक भाषाविज्ञानद्वारा नै भएको हो ।

भाषिक सिद्धान्त र प्रयोगका आधारमा भाषाविज्ञान सैद्धान्तिक र प्रायोगिक गरी दुई प्रकारका हुन्छन् । सैद्धान्तिक भाषा विज्ञानमा भाषालाई नै साध्य बनाएर भाषाका आधारभूत एकाइ वा नियमहरूबारे अध्ययन हुन्छ । यसमा भाषा सम्बन्धी स्थापित सिद्धान्तका बारेमा जानकारी गराउने, थप व्यापकता प्रदान गर्ने, सैद्धान्तिक स्वरूप निश्चित गर्ने कार्य हुन्छ । यसमा भाषा विज्ञानका सबै शाखाहरूको सैद्धान्तिक खाका निर्धारण गरी भाषिक सिद्धान्त प्रयोग परीक्षण सहित सुस्पष्ट नियम व्याख्या विश्लेषण प्रस्तुत गरिएको हुन्छ । तथ्यपरक वैज्ञानिक ढङ्गले सैद्धान्तिमक कोणबाट भाषाका समग्र पक्षहरूबारे सैद्धान्तिमक भाषा विज्ञानमा अध्ययन विश्लेषण गरिने भएकाले यो समग्र भाषा विज्ञानको दर्शन हो । यसले भाषाकै माध्यमबाट भाषालाई नै साध्य वा विषय बनाई भाषा सम्बन्धी समग्र नियम, मान्यताहरूलाई केलाउँदै खोज विश्लेषण गरी सैद्धान्तिक आधार प्रस्तुत गर्दछ । 'संसारका भाषाहरूको सार्वजनीन विशेषताहरूको खोजी गर्ने सैद्धान्तिक भाषा विज्ञान अन्तर्गत रूपार्थपरक, व्यवस्थापरक, रूपान्तरणात्मक, स्तरपरक, सम्बन्धपरक, कारक व्याकरण आदि पर्दछन्' (शर्मा र लुइँटेल, २०६०, पृ. १२) । अतः भाषा सम्बन्धी विधि पद्धति, प्रयोग प्रचलन, नियम सिद्धान्तका साथै भाषिक अध्ययन सम्बन्धी निर्धारण नयाँ सिद्धान्तको खोजी, परीक्षण, मूल्याङ्कन जस्ता पक्षहरू पनि सैद्धान्तिमक भाषाका विज्ञानका अध्ययन क्षेत्र हुन् । भाषिक प्रयोगका विविध आयामहरूलाई वैज्ञानिक, वस्तुनिष्ठ विधि पद्धतिद्वारा सूक्ष्म ढङ्गले अध्ययन विश्लेषण गर्ने व्यावहारिक शाखा नै प्रायोगिक भाषा विज्ञान हो । यसमा प्रयोग पक्षलाई मूल केन्द्र बनाइएको हुन्छ । यसले प्रयोग पक्षमा आधारित रही भाषिक स्वरूप, विधि, सिद्धान्त, समस्या तथा समाधानको खोज विश्लेषण गर्दछ । व्यावहारिक प्रयोगलाई ध्यानमा राखेर भाषाको अध्ययन विश्लेषण गर्ने यस भाषा विज्ञानमा मूलतः भाषाको सैद्धान्तिक नभई प्रयोगपरक अध्ययन हुन्छ (न्यौपाने र अरू, २०६९, पृ. १४) । सङ्कथन विश्लेषण, अनुवाद विज्ञान, भाषा शिक्षण, कम्प्युटर विज्ञान, कोश विज्ञान, शैली विज्ञान, मनोभाषा विज्ञान, समाज भाषा विज्ञान आदि यस भाषा विज्ञानका शाखाहरू हुन् । यो भाषा विज्ञान विशिष्ट भाषिक प्रयोग पक्षमा केन्द्रित हुने भएकाले नयाँ नयाँ शाखाहरू देखिने क्रम जारी रहेकाले यसको शाखा यति नै मात्र हुन्छ भनी किटान गर्न कठिन हुन्छ ।

व्याकरण भाषाशास्त्र हुँदै विकसित वाङ्मयको एक विशेष आयाम भाषा विज्ञानका संरचनागत, कालिका तथा विधि प्रवृत्तिगत, सैद्धान्तिक, प्रायोगिक, संम्प्रदायगत आधारमा दुई दर्जन बढी शाखाहरू उदय, विकास र विस्तारका क्रममा मौलिक पहिचानका साथ अध्ययन विश्लेषणको केन्द्र बनेका छन् । माथि

प्रस्तुत विमर्शका आधारमा भाषा विज्ञानका यी शाखाहरूमा परिभाषाका माध्यमबाट बुझ्नुपर्ने अर्थत विशिष्टताका आधारमा चिन्नुपर्ने पाँच सय नजिक पारिभाषिक तथा प्राविधिक शब्दशब्दावलीहरू छन् । यस्ता शब्दावलीहरूको सहज ज्ञान हुन सकेमा भाषा विज्ञान सबैका लागि सुगम विज्ञान हुन सक्छ । अङ्ग्रेजी लगायत अरू विकसित भाषाहरूमा यस प्रकृतिको कोश भए पनि नेपाली भाषामा व्यवस्थित ढङ्गले लेखिएको छैन । त्यसैले भाषा विज्ञानका विद्यार्थी, अध्यापक, शोधकर्ताहरूमा भाषा विज्ञानलाई सहज तुल्याउन, एकरूपता ल्याउन, व्यापकता प्रदान गर्न भाषा विज्ञानका सबै शाखाहरूमा प्रयोग प्रचलनमा रहेका पारिभाषिक, प्राविधिक तथा विशेष शब्दशब्दावलीहरूलाई नेपाली भाषामा शब्दकोशीय ढाँचामा व्यवस्थित गर्नु आवश्यक हुन्छ । तल क्रमशः भाषा विज्ञानका क्षेत्रमा प्रचलित केही सीमित शब्द शब्दावलीहरूको शब्दकोष प्रारूप पेस गरिएको छ ।

**भाषा विज्ञानको कोशीय प्रारूप**

अक्षर – नाम, संस्कृत

- अ+ क्षर
- नाश नहुने, अजर, अमर, अविनाशी,
- भाषाका आधारभूत एकाइहरू अ, आ, इ, क, ख, ग, १ २ ३ आदि
  प्रारम्भिक साँवा अक्षर (सामान्य अर्थमा);
- भाषिक ध्वनिको पुञ्ज/शिखर (वेदमा);
- सासको एक टुक्रा, खण्ड, मुस्लो प्रवाहमा उच्चारण हुने भाषिक एकाइ, अर्थसँग सम्बन्ध नराख्ने, उच्चारण प्रक्रियामा आधारित घटीमा एउटा स्वरको भएको, एक वा एक भन्दा बढी वर्णले बनेको,
- सोपान क्रममा ध्वनि वर्ण भन्दा ठूलो रूप शब्द भन्दा सानो भाषिक एकाइ;
- नेपालीमा एक वर्णदेखि पाँच वर्णसम्म भएका अक्षरहरू पाइने अ, ए, इ, उ, आं, आ, स्त्री, झ्ल्यात् (त), ब्ल्याङ्
- सूत्र- व्य.व्य.व्य. (स्व) व्य

अक्षर संचरना

- सासको एक खण्डमा उच्चारित भाषिक एकाइ अक्षरको संरचनागत पक्ष नै अक्षर संरचना हो । अक्षरका संरचक घटक वा तत्त्वहरू स्वर र व्यञ्जन हुन् । अक्षरमा स्वर अनिवार्य वा केन्द्रीय घटक हो भने व्यञ्जन सहायक वा परिधीय घटक हो । भाषा अनुसार अक्षर संरचना मौलिक हुन्छ । कतिपय भाषाहरूको अक्षर संचरनामा समानता हुन पनि सक्छ । अर्थसँग सम्बन्धित नहुने उच्चारण प्रक्रिया वा तरिकामा आधारित हुने अक्षर संरचनाले अक्षर व्यवस्थालाई बुझाउँछ । अक्षरमा केन्द्रक (स्वर) र आरम्भक तथा समापकहरू (व्यञ्जन) पनि आउँछन् । सामान्यतः नेपाली भाषाका अक्षर संरचनालाई निम्न लिखित आठ प्रकारमा छुट्ट्याई अध्ययन विश्लेषण गर्न सकिन्छ । सूत्र- व्य.व्य.व्य.स्व.व्य ।
  १. स्वरात्मक - अ, आ, ए, ओ, इ, उ..
  २. व्यञ्जन- स्वरात्मक - ने, खा, रा, ति..
  ३. स्वर व्यञ्जनात्मक - आठ्, ओठ, उठ्, उड्..
  ४. व्यञ्जन-व्यञ्जन स्वरात्मक - त्यो ज्यो, क्वा, खा, व्य ...
  ५. व्यञ्जन, व्यञ्जन स्वर व्यञ्जनात्मक - स्याल, झ्याल, न्यास, खाल
  ६. व्यञ्जन-स्वर- व्यञ्जनात्मक - काम्, खेत्, निक्, जिक्
  ७. व्यञ्जन-व्यञ्जन-व्यञ्जन- स्वरात्मक - स्त्री (ज्यो)- त्स्ना..
  ८. व्यञ्जन, व्यञ्जन-व्यञ्जन, स्वर व्यञ्जनात्मक- ब्ल्याङ, फ्ल्यात्

अगोलित– विशेषण, संस्कृत

- अ+ गोलित (गोल + इत्)
- गोलित नभएको, गोलोभन्दा इतर
- वर्ण उच्चारण गर्दा ओठ गोलो नभई उच्चारित हुने वर्णहरू अगोलित हुन्छन् ।

– विशेष गरी स्वर वर्णहरू उच्चारण गर्दा ओठ गोलो हुने नहुने आधारमा गोलित र अगोलित दुई प्रकारका हुन्छन् । ओठ गोलो नभई उच्चारण हुने स्वर वर्णहरू अगोलित स्वर वर्ण हुन् । नेपाली भाषामा इ, ए, आ, अ अगोलित स्वर वर्ण हुन् ।

अग्र – विशेषण, संस्कृत

– सुरुको, पहिलेको, अगाडिको, प्रथम, प्रधान, सर्वश्रेष्ठ

– भाषा विज्ञानमा जिब्राको अगाडिको भाग सक्रिय भएर उच्चारण हुने स्वरहरूलाई अग्र स्वर भनिन्छ (इ, ए) । यस्तै, जिब्राको अगाडिको भागले दाँतको जरालाई छोएर उच्चारण हुने व्यञ्जन वर्णहरूलाई अग्र वर्त्स्य भनिन्छ (ट, ठ, उ, ढ, र, ल, न) । त थ द ध व्यञ्जन वर्णहरू पनि जिब्राको अग्र भागले दाँतलाई छोएर उच्चारण हुन्छन् ।

अघोक्ष – नाम, संस्कृत

– अ + घोष (घुष् + अ)

– सामान्य अर्थमा आवाज वा ध्वनि नभएको, शब्द, अभिव्यक्ति नभएको

– भाषा विज्ञानमा स्वरयन्त्रमा थर्थराहट, धर्धराहट वा कम्पन पैदा नभई उच्चारण हुने वर्णहरू अघोष वर्ण हुन् । जुन जुन वर्णहरू उच्चारण गर्दा स्वर यन्त्र भित्रको स्वरतन्त्री फिट्टा वा टाढा भई कम्पन उत्पन्न नभइएरै उच्चारण हुन्छन् ती वर्णहरू अघोष वर्णहरू हुन् । नेपाली भाषामा क, ख, च, छ, ट, ठ, त, थ, प, फ, स अघोष व्यञ्जन वर्ण हुन् । सघोषको विपरीत

अघोषीभवन

– नाम, संस्कृति

– अघोष + भवन

– भाषामा ध्वनि परिवर्तनका विभिन्न आधार वा कारणहरू मध्ये दुई भाषिक एकाइहरू मिल्दा वा सन्धि हुँदा घोष ध्वनि अघोषमा बदलिने प्रक्रिया विशेष नै अघोषीभवन हो । अघोषीभवनलाई अघोषीकरण पनि भनिन्छ । नेपाली भाषामा 'खुब' बाट 'खुप', 'हिसाब' बाट 'हिसाप' 'किताब'-'किताप' आदि शब्दहरूमा अघोषीभवन भएका छन् ।

अनुतान – विशेषण, संस्कृत

– अनु + तान

– वाक्यको उच्चारण गर्दा आउने आरोह अवरोह तथा उतार चढाव नै अनुतान हो । सुर ध्वनि स्तरको, तान शब्द स्तरको र अनुतान चाहिँ वाक्य स्तरको उच्चारण प्रक्रिया, स्वर, लय वा तरिका हो । वाक्यांश वा वाक्यका तहमा आउने उच्चारणगत लयात्मक विशिष्टता नै अनुतान हो । अनुतान समानुतान (–), उच्चानुतान (/) र निम्नानुतान (\) गरी तिन प्रकारका हुन्छन् । सामान्य कथनमा समानुतान, प्रश्नार्थक कथनमा उच्चातानुतान र विस्मयादिबोधक कथनमा निम्नानुतान प्रयोग हुन्छ ।

– सुधा पुस्तकालय गई । समानुपात (–)

– सुधा पुस्तकालय गई ? (उच्चानुतान (/)

– सुधा पुस्तकालय गई ! (\)

अनुनासिक

– विशेषण, संस्कृत

– अनु + नासिक भाषिक ध्वनि उच्चारण गर्दा नाक

अनुतान – विशेषण, संस्कृत

– अनु + तान

– वाक्यको उच्चारण गर्दा आउने आरोह अवरोह तथा उतार चढाव नै अनुतान हो । सुर ध्वनि स्तरको, तान शब्द स्तरको र अनुतान चाहिँ वाक्य स्तरको उच्चारण प्रक्रिया, स्वर, लय वा तरिका हो । वाक्यांश वा वाक्यका तहमा आउने उच्चारणगत लयात्मक विशिष्टता नै अनुतान हो । अनुतान समानुतान (–), उच्चानुतान (/) र निम्नानुतान (\) गरी तिन

प्रकारका हुन्छन् । सामान्य कथनमा समानुतान, प्रश्नार्थक कथनमा उच्चातानुतान र विस्मयादिबोधक कथनमा निम्नानुतान प्रयोग हुन्छ ।

- सुधा पुस्तकालय गई । समानुपात (–)
- सुधा पुस्तकालय गई ? (उच्चानुतान (/)
- सुधा पुस्तकालय गई ! (\)
- स्वर वा नाके ध्वनि निस्कने विशेषता गुण वा लक्षण नै अनुनासिक हो । अनुनासिकलाई नासिक्य पनि भनिन्छ । नासिक्य वा अनुनासिक ध्वनि उच्चारण गर्दा फोक्साबाट आएको सास मुख र नाक दुबैतिरबाट बाहिर निस्कन्छ । उच्चारण गर्दा नाके स्वर सहित उच्चरित हुने भाषिक ध्वनि वर्णहरू नै अनुनासिक हुन् । नेपाली भाषामा ङ, न, म ध्वनि-वर्णहरू अनुनासिक व्यञ्जनहरू हुन् । संस्कृतमा ङ, ञ, ण, न, म अनुनासिक व्यञ्जनहरू हुन् । यस्तै अँ, आँ, इँ, उँ, एँ, औँ आदि अनुनासिक स्वरहरू हुन् ।

अनुस्वार – नाम, संस्कृत

- अनु + स्वर
- वर्ण वा अक्षरको शिरमा दिइने शिरविन्दु ( ं ) र चन्द्रविन्दु ( ँ ) नै अनुस्वार, —
- शिरविन्दु र चन्द्रविन्दु प्रयोग भई उच्चरित ध्वनि विशेषलाई अनुस्वार भनिन्छ ।
- अनुस्वार नाके स्वर सहितको भाषिक ध्वनि हो, लेख्य रूपमा वर्ण अक्षर माथि दिइने शिरविन्दु(ं)-चन्द्रविन्दु( ँ) चिह्न हो । संवाद, वंश, संसार, बाँस, ठाउँ, चाँपमा आएका अनुनासिक ध्वनि वा शिरविन्दु ( ं ) र चन्द्रविन्दु ( ँ ) चिह्नहरू अनुस्वार हुन् । अं, अँ, आं, आँ आदि अनुस्वार अन्तर्गत पर्दछन् ।

अनेकाक्षरी

- विशेषण, संस्कृत
- अनेक + अक्षरी
- बहु वा धेरै अक्षर भएको, एक भन्दा धेरै अक्षरहरू मिली बनेको शब्दको अक्षरगत विशेषता वा स्वरूप नै अनेकाक्षरी हो ।
- एकभन्दा धेरै अक्षरहरूको समूह नै अनेकाक्षरी
- दुई अक्षरी, तिन अक्षरी, चार अक्षरी, पाँच अक्षरी आदि बहुक्षरी शब्दहरू नै अनेकाक्षरी शब्द हुन् । कलम, विद्यालय, उपन्यास आदि अनेकाक्षरी शब्द हुन् ।

अन्तःकेन्द्रित

- विशेषण, संस्कृत
- अन्तः + केन्द्रित
- आफैँ भित्र केन्द्र भएको, सम्बन्धित पक्ष वा एकाइमा नै केन्द्र हुने,
- वाक्य विज्ञानसँग सम्बन्धित शब्दावली,
- वाक्यमा उद्देश्य विस्तार, उद्देश्य, विधेय विस्तार र विधेयका रूपमा आउने पद पदावलीहरूमा उद्देश्य र विधेय अन्तःकेन्द्रित एकाइ हुन् । अर्को शब्दमा उद्देश्य विस्तार र उद्देश्यमा उद्देश्य पदले केन्द्रकको काम गर्दछ । उद्देश्य विस्तारको काम बाहिरी अर्थमा नभएर उद्देश्यलाई विशेष ढङ्गले केन्द्र बनाई चिनाउनु हुन्छ । यस्तै, विधेय विस्तारले विधेयलाई गम्भीर ढङ्गले केन्द्र बनाएर बुझाउनु हुन्छ । त्यसैले उद्देश्य विस्तार, विधेय विस्तार अन्तरमा भित्र केन्द्रित हुन्छन् । बाहिरी अर्थभन्दा आन्तरिक अर्थमा केन्द्रित हुने पद पदावली वा वाक्यांश नै अन्तःकेन्द्रित हुन्छन् । जस्तै - 'उषाकी छोरी सुधाले अत्यन्तै छिटो कविता लेख्छे ।' यस वाक्यमा उद्देश्य विस्तारका रूपमा आएको 'उषाकी छोरी' पदावली 'सुधा' मा केन्द्रित छ; विधेय विस्तारका रूपमा आएको 'अत्यन्तै छिटो कविता' पदावली 'लेख्छे', मा केन्द्रित छ । यहाँ 'सुधा' र 'लेख्छे' पदलाई केन्द्र बनाएर अरू पदहरू आएका छन् ।
- विशेषण-विशेष्य, भेदक-भेद्य, क्रियायोगी-क्रियापद आदि अन्तःकेन्द्रित हुन्छन् ।

अन्तःस्थ – विशेषण, संस्कृत

- अन्तः + स्थ
- भित्र, अन्तमा, भित्री स्थानमा रहने,
- ध्वनि विज्ञानका क्षेत्रमा ध्वनि अवयवको भित्री भागबाट उच्चारण हुने, अर्धस्वर जस्ता वर्णहरू अन्तःस्थ हुन् । स्वरयन्त्रको अन्तर वा भित्रबाट उच्चारण हुने य, व नेपाली भाषाको अन्तःस्थ वर्ण हुन् । अन्तःस्थलाई अर्धस्वर पनि भनिन्छ ।
  - अन्तर्राष्ट्रिय ध्वनि तात्त्विक वर्णमाला –
  - अन्तर्राष्ट्रिय ध्वनितात्त्विक वर्णमाला भनेको संसारमा बोलिने भाषाका ध्वनिहरूको प्रतिनिधित्व हुने गरी निर्माण गरिएको प्रतिनिधि ध्वनिहरूको वर्णमाला हो । यसलाई अङ्ग्रेजीमा इन्टरनेसनल फोनेटिक अल्फाबेट्स (International Phonetic Alphabets) भनिन्छ । छोटकरीमा यसलाई IPA ले बुझिन्छ । उच्चारित ध्वनिहरू जस्ता छन् त्यस्तै गरी लिपिबद्ध गरिने लेखनलाई ध्वन्यात्मक आलेखन वा ध्वनितात्त्विक आलेखन भनिन्छ । प्रथमतः लन्डनको गुरुकुलका ध्वनि वैज्ञानिक पल पासीले १८८९ मा बनाएको अन्तर्राष्ट्रिय ध्वनितात्त्विक वर्णमाला आधारभूत रूपमा संसारभरका भाषाको साझा वर्णमाला बनाउने लक्ष्य राखेर तयार गरिएको हो । रोमन वर्णमालाको मूलभूत प्रभाव पाइने यस वर्णमालामा संसारका सबै भाषालाई उपचिह्न विना नै लेख्ने प्रयास गरियो (पोखरेल, २०५७: ११३- ११४) । बेलायत, फ्रान्स, युरोप हुँदै विश्व भरि नै यस वर्णमालाको बढ्दो प्रयोग भएको पाइन्छ । यसलाई निर्माण गर्दै विकास तथा विस्तार गर्ने कार्य अन्तर्राष्ट्रिय ध्वनि तात्त्विक सङ्घले गऱ्यो । विकासक्रमसँगै यसमा रोमन लिपि चिह्नका साथै युरोप र अन्य क्षेत्रका आधुनिक भाषाहरूका केही लिपि चिह्नहरू पनि प्रयोग गरिएको छ । यो वर्णमालाको प्रयोग संसारका धेरै सयौँ भाषामा गर्न सकिए पनि भोट चिनियाँ भाषाका ध्वनिहरूलाई आलेखन गर्न त्यति प्रभावकारी बन्न सकेन । निकटतम ध्वनिहरूलाई आधार बनाएर आलेखन, अध्ययन विश्लेषण गरिएको छ । यसमा समय समयमा संशोधन तथा सुधार हुँदै आएको छ । θ, ð, d, e, i, æ, s, δ, S, t आदि, अन्तर्राष्ट्रिय ध्वनितात्त्विक वर्णमाला हुन् ।

अपभाषा – नाम, संस्कृत

- अप + भाषा
- अशिष्ट, असभ्य, अश्लील अभिव्यक्ति वा बोली
- क्षुद्र, गालीगलौज लाज घिनले व्याप्त भाषिक रूप
- संभोग, यौनाङ्ग, यौन उत्शृङ्खलता आदि फोहोर शब्द प्रयोग
- स्तरहीन, अपाच्य, वर्जित शब्दहरू प्रयोग गरेर व्यक्त गरिने बोली, कुराकानी संवाद ।

अभाषिक – नाम, संस्कृत

- अ+ भाषिक
- भाषा, भाषा विज्ञानसँग असम्बन्धित; भाषा इतर
- भाषिक अध्ययन अन्तर्गत नपर्ने,
- भाषा विज्ञानको नियम, सिद्धान्त, अध्ययन -विश्लेषण क्षेत्र अन्तर्गत नपर्ने ।

अयोगात्मक भाषा – नाम, संस्कृत

भाषा वर्गीकरणका विभिन्न आधारहरूमध्ये आकृति मूलक वर्गीकरण एक हो । यस आधारमा भाषा अयोगात्मक र योगात्मक गरी दुई प्रकारका हुन्छ । अयोगात्मक भाषामा उपसर्ग, प्रत्ययहरू लाग्दैनन् । व्याकरणिक चिह्नहरू जोडिँदैनन् । यस किसिमका भाषाका शब्दहरूको रूप परिवर्तन हुँदैन वा रूपावली चल्दैन । वाक्यमा एक अर्को पदका बिच छुट्टै सम्बन्ध तत्त्व वा विभक्ति, बहुवचनबोधी 'हरू', स्त्री लिङ्गी आदि चिह्नहरू पनि लाग्दैन । यस्ता भाषाहरूमा शब्द स्थानको विशेष महत्त्व रहन्छ । त्यसैले अयोगात्मक भाषालाई स्थान प्रधान भाषा पनि भन्ने चलन छ । अयोगात्मक भाषामा भाषा तत्त्व (उपसर्ग, प्रत्यय) र सम्बन्ध तत्त्व -विभक्ति, बहुवचन, स्त्री

लिङ्गी, आदर, काल, भाव, आदि) को योग हुँदैन । यस वर्गीकरण अन्तर्गत पर्ने भाषाहरूमा शब्दहरू पूर्ण, स्वतन्त्र, पृथक्, विशिष्ट हुन्छन् । सबैजसो शब्दहरू मूल शब्दकै रूपमा हुन्छन् । यसरी व्याकरण नहुने पदक्रम वा शब्दक्रमको विशेष महत्त्व हुने, सुर ताल लवजले अर्थ भेद जनाउने, निपातले पनि शब्द रचना तथा वाक्य रचनामा सहयोग पुऱ्याउने, शब्दमा खासै परिवर्तन नहुने आदि अयोगात्मक भाषाका विशेषताहरू हुन् (द्विवेदी, सन् १९९४: ३८४-८६) । चिनियाँ, मलय, बर्मेली, तिब्बती आदि भाषाहरू अयोगात्मक भाषा हुन् ।

अर्थ परिवर्तन

भाषामा अर्थका तहमा हुने परिवर्तनलाई नै अर्थ परिवर्तन भनिन्छ । भाषाको जीवनमा कैयौं शब्दहरूको अर्थ समयक्रमसँगै परिवर्तन हुने गर्दछ । संसारका सबै वस्तुहरू परिवर्तनशील भए जस्तै भाषामा पनि परिवर्तन हुनु स्वाभाविकै हो । भाषामा हुने परिवर्तनका विभिन्न आधार वा तहमध्ये अर्थमा हुने परिवर्तन एक हो । अर्थका तहमा हुने परिवर्तनको मुख्य कारण वक्ता वा प्रयोगाकर्ताको स्थिति तथा परिवेशको भिन्नता नै हो । अर्थ परिवर्तन प्रायः शब्द स्तरमा हुन्छ । अर्थ परिवर्तनलाई अर्थ विकास तथा अर्थ विकार पनि भनिन्छ (तिवारी, २०२०: ३६) । कुनै भाषिक एकाइ वा शब्दले सुरुमा बुझाउने वा बोध गराउने अर्थ भन्दा भिन्न, नवीन, विशिष्ट तथा सामान्य अर्थ बुझाउनु नै अर्थ परिवर्तन हो । अर्को शब्दमा शब्दको अर्थमा हुने व्यापकता, सङ्कुचित वा फेरबदल नै अर्थ परिवर्तन हो । अर्थ परिवर्तन मूलतः तिन प्रकारका हुन्छन् - अर्थ विस्तार, अर्थ सङ्कोच र अर्थान्तर । अर्थान्तरलाई अर्थादेश र अर्थाचल पनि भन्ने गरिएको पाइन्छ। यिनका बारेमा सङ्क्षिप्त चर्चा क्रमश : तल गरिन्छ ।

(१) अर्थ विस्तार - भाषाका शब्द-शब्दावली वा एकाइहरूले पहिले वा अघिल्लो समयमा सीमित, निश्चित वा विशिष्ट अर्थ बोध गराउने अवस्थामा परिवर्तन आई अहिले वा पछिल्लो समयमा व्यापक तथा सामान्य अर्थ बुझाउने क्षमता राख्नुलाई अर्थ विस्तार भनिन्छ । अर्को शब्दमा विशिष्ट र सीमित अर्थ व्यक्त गर्ने शब्दले सामान्य र व्यापक अर्थ बोध गराउन सक्नु नै अर्थ विस्तार हो । अतः सीमित/सङ्कुचित, विशिष्ट वा साँगुरो अर्थ बोध गराउने शब्दले विस्तृत, व्यापक सामान्य वा फराकिलो अर्थ बोध गराउनु नै अर्थ विस्तार हो । जस्तै -

| शब्द | पहिलो अर्थ | अहिलेको अर्थ |
|---|---|---|
| तेल | तिलको तेल | सबै किसिमको तेल |
| कुशल | सजिलै कुश उखेल्न सक्ने | सफलतापूर्वक काम गर्न सक्ने |
| प्रवीण | वीणा बजाउन सिपालु | सबै क्षेत्रमा निपुण/सिपालु |
| गवेषण | गाईको खोजी | अनुसन्धान वा खोजी कार्य |
| गोठ | गाई बस्ने ठाउँ | सबै खाले पशु बस्ने ठाउँ |

(२) अर्थ सङ्कोच - अर्थ विस्तारको विपरीत भाषाका शब्द शब्दावली वा एकाइले अघिल्लो समयमा वा पहिले बुझाउने सामान्य वा व्यापक अर्थलाई छाडेर विशिष्ट वा सीमित अर्थ बोध गराउनुलाई नै अर्थ सङ्कोच भनिन्छ । अर्थ सङ्कोचको यस प्रक्रियामा शब्दको अर्थ सामान्यबाट विशिष्टतिर, फराकिलो क्षेत्रबाट साँगुरो/सीमिततिर, धेरै वस्तु/पक्षलाई छाडेर थोरै वस्तु पक्ष बुझाउने तिर हुन्छ । यसरी शब्दले सुरुको व्यापक अर्थ छाडेर सीमित वा विशेष अर्थ व्यक्त गर्नु नै अर्थ सङ्कोच हो । शब्दको व्यापक अर्थ मध्ये कुनै एक पक्षमा सीमित भई सङ्कुचित रूढ अर्थ बुझाउनु नै अर्थ सङ्कोच हो । जस्तै -

| शब्द | पहिलेको अर्थ | अहिलेको अर्थ |
|---|---|---|
| नेत्र | अगाडि हिड्ने, चम्कने, प्रकाश दिने | आँखा |
| मृग | जङ्गली पशु | हरिण |
| श्राद्ध | श्रद्धापूर्वक गरिने काम | पितृको श्राद्ध |
| दुलाहा | दुर्लभ/पाउन गाह्रो | |
| लोग्ने/बेउलो | | |
| वेदना | दुःख/सुखको अनुभूति | दुःखको अनुभूति |
| सर्प | घस्रिने सबै प्राणी | साँप |

(३) अर्थान्तर- भाषाका शब्द शब्दावली वा एकाइले पुरानो अर्थ छाडेर नयाँ अर्थ बोध गराउनुलाई अर्थान्तर भनिन्छ । अर्थान्तर शब्दका पर्यायवाची रूपमा अर्थादेश वा अर्थाचल शब्दहरू प्रयोग गरिएको पाइन्छ । (अर्थमा खासै विवाद नभए पनि यी तिन शब्दहरूमा कुन शब्दलाई बढी महत्त्व दिने भन्ने विषयमा नेपाली विद्वान्हरू बिच पनि मत भिन्नता कायमै छ) शब्दको अर्थ स्थानान्तरण हुनु नै अर्थान्तर वा अर्थादेश हो । शब्दको अर्थमा गुण वा भित्री आशय वा मर्ममा नै अन्तर देखिनु नै अर्थान्तर हो । कुनै शब्द सुरुमा जुन अर्थ सन्दर्भमा प्रयोग भएको थियो पछिल्लो समयमा भिन्न अर्थ सन्दर्भमा प्रयोग भएको छ भने त्यस्तो अर्थ परिवर्तनलाई अर्थान्तर वा अर्थादेश भनिन्छ । एक अर्थको स्थानमा उही शब्द-रूपमा अर्को अर्थ आउनु अर्थादेश हो । अर्थादेश शब्दमा रहेको आदेशको अर्थ एउटालाई हटाएर अर्को आउनु हुन्छ । यसरी कुनै भाषिक एकाइ वा शब्दले प्राचीन अर्थ छाडी भिन्न, नयाँ अर्कै अर्थ बुझाउने अर्थ परिवर्तन प्रक्रिया नै अर्थान्तर हो । जस्तै-

| शब्द | पुरानो अर्थ | नयाँ अर्थ |
|---|---|---|
| असाध्य | साधन गर्न नसकिने | धेरै |
| मौन | मुनि आचरण | चुप |
| साहस | चोरी/व्यभिचारी/बलात्कारी | उत्साहपूर्ण कार्य |
| असुर | देवता | राक्षस |
| मुग्ध | मूर्ख | मोहित हुनु |

अर्थान्तर वा अर्थादेश अन्तर्गत कुनै शब्दमा देखिने सुन्दर वा उत्कृष्ट अर्थ र नराम्रो वा निकृष्ट अर्थका बारेमा सूक्ष्म वर्गीकरण-विश्लेषण गर्न सकिन्छ । शब्दको अर्थमा हुने परिवर्तन अघिको भन्दा राम्रो हुनु अर्थोत्कर्ष र नराम्रो हुनु अर्थापकर्ष मानिन्छ । (केही विद्वान्हरूले अर्थ परिवर्तनका पाँच प्रकार मान्दै माथि प्रस्तुत तिन र यी दुई प्रकारलाई समान ढङ्गले चर्चा गरेका छन् । धेरैजसो विद्वान्हरूले चाहिँ अर्थादेशको प्रकारका रूपमा अर्थोत्कर्ष र अर्थापकर्षलाई अघि सारेका छन् । यहाँ पछिल्लो मतलाई आधार बनाइको छ ।

(४) (क) अर्थोत्कर्ष - अर्थ परिवर्तनका क्रममा शब्दको अर्थमा पहिलेको तुलनामा सुन्दरता, उत्कृष्टता, राम्रो पन वा उत्कर्षता देखिनु नै अर्थोत्कर्ष हो । अर्थोत्कर्षलाई अर्थोन्नति पनि भनिन्छ । अर्को शब्दमा शब्दको अर्थ निम्न स्तरबाट उठेर उच्च स्तर बोध गराउनुलाई नै अर्थोत्कर्ष भनिन्छ । जस्तै-

| शब्द | पहिलेको अर्थ | अहिलेको अर्थ |
|---|---|---|
| मुग्ध | मूर्ख | मोहित हुनु |
| साहस | बलात्कारी-चोरी | उत्साहपूर्ण कार्य/आँट |
| गवेषण | गाईको खोजी | अनुसन्धान-खोज कार्य |
| सभ्य | सभामा बस्ने | सुसंस्कृत |

(५) (ख) अर्थापकर्ष- अर्थ परिवर्तनका क्रममा शब्दको अर्थमा पहिलेको तुलनामा कुरूपता, निकृष्टता, नराम्रो पन अपकर्ष वा तुच्छता देखिनु नै अर्थापकर्ष हो । अर्थापकर्षलाई अर्थावनति पनि भनिन्छ । अर्को शब्दमा अघिल्लो वा सुरुको परिवेशमा सामाजिक मूल्यका दृष्टिले सम्मानजनक वा उच्च स्तरको अर्थ बुझाउने शब्दले तुलनात्मक रूपमा पछिल्लो परिवेश वा समयमा नराम्रो वा निम्न स्तरको अर्थ बोध गराउनु नै अर्थापकर्ष हो । जस्तै-

| शब्द | पहिलेको अर्थ | अहिलेको अर्थ |
|---|---|---|
| असुर | देवता | राक्षस |
| शौच | पवित्र कार्य | मल मुत्र त्याग |
| लिङ्ग | चिह्न | अङ्ग/इन्द्रिय |
| भिलेन (अङ्ग्रेजी) | किसान | खलनायक/फटाहा |
| नटोरियस(अङ्ग्रेजी) | जाने सुनेको पण्डित | |
| धूर्त/कुख्यात | | |
| जुगुप्सा | लुकाउनु/जोगाउनु | घृणा |

(उदाहरण- अग्रज गुरुहरू-टङ्क प्रसाद न्यौपाने, चूडामणि बन्धु र भोलानाथ तिवारीका ग्रन्थहरूबाट- शोधकर्ता)

अर्थ विज्ञान - नाम संस्कृत

- अर्थ + विज्ञान
- भाषिक एकाइहरू (शब्द, पद, पदावली, वाक्यांश, वाक्य, प्रकरण, सङ्कथन) को अर्थ सापेक्ष वैज्ञानिक ढङ्गले अध्ययन विश्लेषण गरिने भाषा विज्ञानको महत्त्वपूर्ण शाखालाई नै अर्थ विज्ञान भनिन्छ ।
- अर्थ विज्ञानलाई शब्दार्थ विज्ञान, अर्थ विचार, अर्थ तत्त्व, शब्दार्थ तत्त्व आदि शब्दावलीले पनि बुझाउने गरेको पाइन्छ ।
- केही विद्वान्हरूले अर्थ विज्ञानलाई भाषा विज्ञानको शाखा होइन, यो भाषा विज्ञानको क्षेत्र भन्दा बाहिरको पक्ष हो भनेका छन् ।
- धेरैजसो विद्वान्हरूले अर्थ भाषाको आत्मा हो । अर्थ विना भाषाको व्याख्या कहिल्यै पूर्ण हुन सक्तैन । त्यसैले अर्थ विज्ञान भाषा विज्ञानको विशेष शाखा हो भनेका छन् ।
- ध्वनि, वर्ण, रूप, शब्द, शब्दावली, पद, पदावली, वाक्यांश, वाक्य, प्रकरण आदि भाषिक एकाइको अर्थ सम्बन्धी वस्तुनिष्ठ, तथ्यपरक, वैज्ञानिक पद्धति अँगालेर खोज विश्लेषण अध्ययन विवेचना गरिने भाषा विज्ञानको आर्थी शाखा नै अर्थ विज्ञान हो ।
- अर्थ विज्ञानको अध्यय -विश्लेषण ऐतिहासिक, तुलनात्मक र वर्णनात्मक तिनै पद्धतिबाट गरिन्छ ।
- अर्थ विज्ञान अन्तर्गत अर्थ बोध, शब्द र अर्थ सम्बन्ध, अर्थ परिवर्तन, अर्थ परिवर्तनका प्रकार र कारण, शब्द, शक्ति (अभिधा, लक्षणा र व्यञ्जना), पर्यायवाची शब्द, अनेकार्थक शब्द, अनुकरणात्मक शब्द, विपरीतार्थक शब्द, ग्राम्य शब्द, शिशु शब्द, वर्जित शब्द, पदावली, उखान टुक्का, समस्त शब्द, द्वित्व शब्द, सङ्क्षिप्त शब्द, पारिभाषिक शब्द आदिको गहन ढङ्गले अध्ययन गरिन्छ ।

अर्ध विवृत स्वर- नाम, संस्कृत

- ध्वनि विज्ञानको क्षेत्रमा प्रचलित शब्दावली,
- स्वर वर्णको वर्गीकरण गर्ने विभिन्न आधारहरू मध्ये मुख विवरमा हुने सङ्कुचनको आधार एक हो । यस आधारमा स्वर वर्णहरू संवृत, अर्ध संवृत, अर्ध विवृत र विवृत गरी चार प्रकारका हुन्छन् ।
- नेपाली भाषामा 'अ' अर्ध विवृत निकट स्वर हो ।
- अर्ध विवृत स्वरलाई आधा खुला वा मध्य विवृत स्वर पनि भनिन्छ ।
- अर्ध विवृत स्वर उच्चारण गर्दा जिब्रो सतहबाट केही मात्रामा उठेको हुन्छ । त्यसैले अर्ध विवृत स्वरलाई निम्न मध्य स्वर पनि भनिएको पाइन्छ ।

अर्ध संवृत स्वर- नाम, संस्कृत

- मुखविवरमा हुने सङ्कुचनका आधारमा गरिने वर्गीकरण वा प्रकारहरूमध्ये अर्ध संवृत स्वर एक हो ।
- यस अन्तर्गत संवृत भन्दा कम सङ्कुचन भएर उच्चारण हुने स्वर वर्णहरू पर्दछन् । अर्ध संवृत स्वर वर्णहरू उच्चारण गर्दा जिब्रो अर्ध विवृतको अवस्था भन्दा अझै माथि उठेको हुन्छ तर स्वर सीमासम्म पुगेको हुँदैन ।
- नेपाली भाषाका 'ए' 'ओ' अर्ध संवृत स्वर निकट स्वर वर्णहरू हुन् ।
- अर्ध संवृत स्वरलाई आधा बन्द/मध्य बन्द वा अर्ध सङ्कुचन स्वर पनि भनिन्छ ।

अल्प प्राण – नाम, संस्कृत

- अल्प + प्राण
- ध्वनि विज्ञान र वर्ण विज्ञानमा प्रचलित शब्द,
- भाषिक ध्वनि उच्चारण गर्दा थोरै सास निस्किएर उच्चारण ध्वनि तथा वर्णहरू अल्प प्राण हुन् ।

- जुन भाषिक ध्वनि वा वर्णहरू उच्चारण गर्दा सापेक्षित रूपमा थोरै, कम वा न्यून सास निस्किन्छ ती ध्वनि वर्णहरू अल्पप्राण वर्गमा पर्दछन् ।
- मात्रात्मक रूपमा थोरै सासका माध्यमबाट उत्पादन हुने भाषिक ध्वनि वर्णहरू अल्पप्राण अन्तर्गत पर्दछन् ।
- नेपाली भाषामा क च ट त प ग ज ड द ब ङ न म य र ल व अल्प प्राण ध्वनि वर्णहरू हुन् ।

आकृतिमूलक वर्गीकरण –

संसारमा बोलिने ३ हजार भन्दा बढी भाषाहरूलाई वर्गीकरण गरिने विभिन्न आधारहरू मध्ये आकृतिमूलक वर्गीकरण एक हो । भाषाहरूलाई मूलतः कालका आधारमा (प्राग् ऐतिहासिक, प्राचीन, मध्य युगीन, आधुनिक), परिवारका आधारमा (भारोपेली, अग्नेली, द्राविडेली...), प्रभावका आधारमा र संस्कृत, ल्याटिन ...), देशीय आधारमा (भारतीय, चिनियाँ...), महादेशीय आधारमा ( एसियाली, युरोपियन, अफ्रिकाली...) आकृतिका आधारमा (अयोगात्मक र योगात्मक) वर्गीकरण गरी व्याख्या विश्लेषण गरिएको पाइन्छ (तिवारी, सन् १९९१: ८७) । यहाँ आकृतिमूलक वर्गीकरण सम्बन्धी सङ्क्षिप्त जानकारी प्रस्तुत गरिन्छ ।

भाषा वा भाषिक एकाइको स्वरूप आकार, बान्की, बनावट, आकृति वा रचनालाई मुख्य आधार बनाई प्रकार निर्धारण गर्ने कार्य प्रक्रियालाई आकृतिमूलक वर्गीकरण भनिन्छ । यस वर्गीकरणमा भाषाका पद तथा वाक्यहरूको रचना प्रक्रियालाई मुख्य आधार बनाइन्छ । यसमा भाषाका एकाइ (शब्द, पद, वाक्य, रचना) हरूको आकृति, आकार, स्वरूप, संरचना, निर्माण प्रक्रिया, सन्धि व्यवस्था आदि रूप पक्षलाई आधार बनाएर व्याख्या विश्लेषण गरिन्छ । यसमा पद वा वाक्यका संरचक घटक वा रूपहरूको प्रमुख भूमिका हुन्छ । त्यसैले रचना तत्त्व वा रूपको सूक्ष्म अध्ययन पनि गरिएको हुन्छ । यसमा एकातिर शब्द वा पदको रचना प्रक्रिया/प्रकृति प्रत्यय व्यवस्था/शब्द निर्माण प्रक्रिया/सन्धि नियम के कसरी भएको छ ? खोजी गरिन्छ । अर्कोतिर वाक्यमा प्रयोग भएका पदहरू बिच बाँध्ने/ मिलाउने/संयोजन गर्ने अन्तर्सम्बन्धित बनाउने सम्बन्ध तत्त्व व्याकरिणक पक्षको खोज विश्लेषण गरिन्छ । छोटकरीमा पद रचना र वाक्य रचनालाई मुख्य आधार बनाएर गरिने वर्गीकरण नै आकृति मूलक वर्गीकरण हो (उही : ८९) । रूप विज्ञान र वाक्य विज्ञानले यस वर्गीकरणलाई महत्त्वपूर्ण आधार प्रदान गर्दछ । पद रचना तत्त्व/रूप तत्त्व र वाक्य रचना तत्त्व/ वाक्य तत्त्व (व्याकरणिक तत्त्व) पाइने वा लागेर बनेका भाषाहरू र यस्ता तत्त्वहरू नपाइने वा नलागी बनेका भाषाहरूलाई मूलतः योगात्मक र अयोगात्मक गरी दुई वर्गमा छुट्टयाइएको छ । अर्को शब्दमा रूप तत्त्व र सम्बन्ध तत्त्व (वाक्य तत्त्व) क्रमशः शब्द-पदमा र वाक्यमा योग हुने भाषाहरू योगात्मक भाषा हुन्, योग नहुने भाषाहरू अयोगात्मक भाषाहरू हुन् । नेपाली, हिन्दी, अङ्ग्रेजी योगात्मक भाषा हुन् । भोट चिनियाँ भाषा परिवारका धेरै भाषाहरू अयोगात्मक भाषा अन्तर्गत पर्दछन् । योगात्मक भाषाका बारेमा तल थप चर्चा गरिन्छ । आकृतिमूलक वर्गीकरणलाई पदरचनात्मक वर्गीकरण वा रूप संरचनात्मक वर्गीकरण पनि भनिन्छ ।

आक्षरिक – विशेषण, संस्कृत
- अक्षर + इक
- अक्षर बन्ने विशेष गुण भएको भाषिक एकाइ, ध्वनि विज्ञान वर्ण विज्ञानसँग सम्बन्धित भाषिक टुक्रा, स्वर ध्वनि-वर्ण;
- सासको एक खण्डमा उच्चारण हुने भाषिक एकाइ अक्षरमा केन्द्रीय वा शीर्ष भूमिका खेल्ने स्वर वर्णलाई नै आक्षरिक भनिन्छ । स्वर वर्ण आक्षरिक भएकाले एक्लै पनि अक्षर बन्न सक्छ तर व्यञ्जन वर्ण आक्षरिक नभएकाले एक्लै अक्षर बन्न सक्तैन । 'काम' शब्दमा /क्.आ.म्/ ३ वर्ण छन् । 'क' र 'म' व्यञ्जन वर्णहरू हुन् 'आ' स्वर वर्ण हो । 'क' र 'म' अनाक्षरिक हुन् भने 'आ' आक्षरिक हो । 'आ' ले /काम्/अक्षरमा शीर्ष वा केन्द्रीय भूमिका खेलेको छ । जस्तै 'आधुनिक' शब्दमा/आ-ध्.उ-न्.इ.क्/'आ' एक्लै अक्षर बनेको छ ।

आगम – नाम, संस्कृत
- आ + गम (गम् + अ)

– भाषिक परिवर्तन अन्तर्गत ध्वनि परिवर्तनसँग आगम शब्द सम्बन्धित, नियममा बढी प्रयोग,
– आउनु, थपिनु, देखिनु, आउने कार्य, देखा पर्ने कार्य,
– शब्दमा मूल रूपमा नभएका स्वर वा व्यञ्जन ध्वनि आदि, मध्य र अन्त्य कुनै स्थानमा थपिनु/आउनु नै आगम हो ।
– आगम स्वरागम र व्यञ्जनागम गरी दुई प्रकारका हुन्छन् । जस्तै-
– स्वरागम - स्नान → इस्नान, बेर → अबेर (कथ्य नेपाली)
जन्म → जनम, प्रीति →पिरती
गान् → गाना, दबा → दबाइ
– व्यञ्जनागमन - ओष्ठ→ होठ, उल्लास → हुलास (हिन्दी)
निद्रा → निन्द्रा, समुद्र →समुन्द्र
परवा → परवाह, बाल → बालक

आगमन – नाम, संस्कृत
– आ + गम् + अन
– 'आगमन' शब्दको शाब्दिक अर्थ आउने प्रक्रिया हो ।
– भाषा विज्ञानमा आगमन शब्दले भाषामा नयाँ कुरा आउनु वा थपिनु भन्ने हुन्छ । विभिन्न भाषिक तत्त्व पुराना भाषा, भाषिका तथा अन्य भाषाबाट आएर प्रयोग हुन्छ भने त्यसलाई आगमन भनिन्छ । अन्य भाषामा भएका ध्वनि, रूप, शब्द, व्याकरण आदि तत्त्व वा पक्षहरू कुनै भाषामा थपिने वा आउने कार्य प्रक्रिया नै आगमन हो । यसमा लिने भाषा ग्राहक भाषा हुन्छ भने दिने भाषा दाता भाषा हुन्छ । यस प्रक्रियालाई आगन्तुक प्रक्रियाका रूपमा पनि बुझ्न सकिन्छ । आगमन मूलतः शब्द स्तरमा बढी हुने गर्दछ । आगमन ३ प्रकारका हुन्छन्- भाषा स्तरको आगमन, भाषिका स्तरको आगमन र आर्ष आगमन ।
– कुनै भाषाबाट भाषिक तत्त्व आउनु – भाषा स्तरको आगमन हो ।
– सम्बन्धित भाषाको कुनै भाषिकाबाट भाषिक तत्त्व ग्रहण गर्नु भाषिका स्तरको आगमन हो ।
– सम्बन्धित भाषाकै प्राचीन वा आर्ष स्वरूपबाट भाषिक तत्त्व ग्रहण गर्नु आर्ष आगमन हो ।
– नेपाली भाषामा अङ्ग्रेजी, हिन्दी, गुरुङ आदि भाषाबाट आएका भाषिक तत्त्वहरू, नेपाली भाषाकै भाषिकाहरूबाट आएका भाषिक तत्त्वहरू र नेपाली भाषाको आर्ष रूप प्राचीन नेपाली भाषाबाट आएका भाषिक तत्त्वहरू पाइन्छ ।
– भाषा वैज्ञानिक हकेटका अनुसार स्तरीयताको निर्वाह र आवश्यकताको पूर्तिका लागि भाषामा आगमन हुन्छ ।

आपरिवर्तन – नाम, संस्कृत
– आ+ परिवर्तन
– परिवर्तनको विशिष्ट प्रक्रिया, समग्र बदलिनु, धेरै नै बदलाब आउनु,
– भाषा विज्ञानमा आपरिवर्तन शब्द ध्वनि विज्ञान, रूप विज्ञानका साथै भाषिक परिवर्तनको ध्वनि परिवर्तनमा बढी प्रयोग हुने,
– भाषिक ध्वनि उच्चारण गर्दा भिन्न, छुट्टै प्रकृतिको परिवर्तन हुनु,
– दुई भाषिक रूपबाट मिल्दा भिन्न प्रकारको थप ध्वनि देखा पर्नु, ध्वनि विकार आउनु, सुरुका ध्वनि वर्णहरूमा परिवर्तन आउनु, एउटै रूप दोहोरिँदा उही रूप नभएर ध्वनि रूप मात्रै देखिनु ।
– नेपाली भाषामा द्वित्व प्रक्रिया अन्तर्गत पर्ने घरसर, खेतखेत, जस्ता शब्दहरू आपरिवर्तन प्रक्रियाबाट बनेका छन् । त्यसैले यस किसिमको द्वित्व प्रक्रियालाई आपरिवर्तित द्वित्व भनिन्छ ।

उच्चारण अवयव –

- भाषिक ध्वनि उच्चारण गर्ने स्वरयन्त्रदेखि घाँटी, जिब्रो, तालु, दाँतको जरा, दाँत, ओठ आदि मुख विवरका अङ्गहरू नै उच्चारण अवयव हुन् ।
- उच्चारण अवयव सम्बन्धी अध्ययन-विश्लेषण ध्वनि विज्ञानको महत्त्वपूर्ण शाखा औच्चारिक ध्वनि विज्ञानमा गरिन्छ ।
- उच्चारण अवयवलाई ध्वनि अवयव पनि भनिन्छ ।
- यसमा फोक्सा, सास नली, गोजेरो, घोक्रो नाके ओडार, स्वरतन्त्री आदि अङ्गहरूको विशेष भूमिका हुन्छ ।

ओठको गोलाइ–

- स्वर वर्ण वर्गीकरण गर्ने विभिन्न आधारहरू मध्ये ओठको गोलाइका आधारमा गरिने वर्गीकरण एक हो । यस आधारमा स्वर वर्णहरू अगोलित र गोलित गरी २ प्रकारका हुन्छन् । जुन स्वर वर्ण उच्चारण गर्दा ओठ गोलो हुँदैन ती स्वर वर्णहरू अगोलित हुन् । जुन जुन स्वर वर्ण उच्चारण गर्दा ओठ गोलो हुन्छ ती स्वर वर्णहरू गोलित हुन् । नेपालीका ६ वटा स्वर वर्णहरूमा इ, ए, आ., अ अगोलित स्तरका वर्णहरू हुन् । यस्तै ओ, उ, गोलित स्वर वर्णहरू हुन् ।

औच्चारिक ध्वनि विज्ञान–

- ध्वनि विज्ञानका ३ शाखाहरूमध्ये उच्चारणसँग सम्बन्धित शाखालाई औच्चारिक ध्वनि विज्ञान भनिन्छ । यस शाखामा उच्चारण प्रक्रिया, ध्वनि अवयव, उच्चारणसँग सम्बन्धित समग्र पक्षहरूको अध्ययन विश्लेषण गरिन्छ । फोक्सो, फोक्साबाट प्रवाहित सास, सास नली, स्वर यन्त्र, स्वरतन्त्री, अरू ध्वनि अवयवहरूका बारेमा उच्चारण प्रक्रियामा केन्द्री रहेर एक एक सूक्ष्म अध्ययन यसमा गरिन्छ । यस्तै सक्रिय ध्वनि अवयव र निष्क्रिय ध्वनि अवयवका बारेमा पनि वैज्ञानिक ढङ्गले विश्लेषण गरिन्छ । यसरी समग्र भाषिक ध्वनि उच्चारणसँग सम्बन्धित ध्वनि विज्ञानको महत्त्वपूर्ण शाखा नै औच्चारिक ध्वनि विज्ञान हो । (अरू दुई शाखा-साञ्चारिक ध्वनि विज्ञान र श्रावणिक ध्वनि विज्ञान ।)

क्रेओल - नाम, अङ्ग्रेजी

- दुई भाषिक समुदाय एउटाले अर्काको भाषा नबुझ्दा संवाद आदान प्रदान गर्ने प्रयत्न गर्दाका क्रम एउटाको शब्द भण्डार अर्काको व्याकरण मिलाएर बन्ने अस्थायी प्रकृतिको कामचलाउ भाषा, पिजिन विकसित भएपछि क्रेओल बन्दछ । पिजिन भाषाले सामाजिक सांस्कृतिक रूप धारण गरेपछि, विकसित तथा स्थापित भएपछि मातृभाषाको स्थान ग्रहण पश्चात् क्रेओल भाषा निर्माण हुन्छ ।
- क्रेओल शब्द मूलतः ल्याटिन भाषाको शब्द हो । यसको अर्थ 'बनाइएको' हुन्छ । पछि यो शब्द स्पेनी, फ्रान्सेली हुँदै अङ्ग्रेजीमा आएको देखिन्छ । पिजिन भाषा नै धेरै वर्षको अन्तरालमा क्रेओल भाषामा रूपान्तरित हुन्छ । तर सबै पिजिनहरू क्रेओल भाषा बन्दैनन । पिजिन भाषाका वक्ताहरू स्तरीय भाषातिर लागेर पिजिनलाई छाडिदिएको पनि पाईन्छ । न्युजिल्यान्डमा माउरिसहरूले 'न्युजिल्यान्ड पिजिन' लाई छाडेर स्तरीय अङ्ग्रेजी सिकेको देखिन्छ । क्रेओल भाषा समाजको भावनात्मक आदान प्रदानको भाषा, भाषिकाको विकास आदि प्राकृतिक भाषा स्तरह हुन्छ (बन्धु, २०४८ : १२९) । क्रेओलको स्थितिमा आउँदा वर्ण व्यवस्था नियमित हुन्छ । व्याकरण धेरै मात्रामा व्यवस्थित हुन्छ । शब्द भण्डारमा वृद्धि हुन्छ। क्रेओल भाषामा सम्प्रेषणको व्यापकता, साहित्यिक रचनाको क्षमता, जटिल अभिव्यक्ति सामर्थ्य, वक्ताहरूको सङ्ख्यामा वृद्धि, नैसर्गिक भाषा/ मातृभाषाको स्थान प्राप्त भएको हुन्छ।
- यसरी पिजिनबाट विकसित क्रेओल भाषा राष्ट्रभाषा, साझा भाषा, मातृभाषा, औपचारिक भाषा समेत बन्दछ । क्रेओल भाषाका केही उदाहरणहरू (-) हाइटेली क्रेओल (फ्रान्सेलीमा आधारित), नव सोलोमनी, नव मेलेनिसियाली, जमाइकाली क्रेओल, वेस्ट इन्डिज र लुसियानामा प्रचालित क्रेओल आदि ।

घोषत्व – नाम, संस्कृत

– घोष + त्व

– भाषिक ध्वनि (स्वर. व्यञ्जन) उच्चारण गर्दा स्वर यन्त्रमा उत्पन्न नहुने- हुने कम्पन, थर्थराहट वा धर्धराहटलाई आधार बनाएर ध्वनि वर्णहरूलाई अध्ययन विश्लेषण गर्नु नै घोषत्वको आधार हो । घोषत्वले सम्बन्धित ध्वनि- वर्ण उच्चारण गर्दा धर्धराहट उत्पन्न नहुने-हुने पनलाई जनाउँछ ।

यस आधारमा भाषिक ध्वनिहरू अघोष र सघोष गरी २ प्रकारका हुन्छन् । (सघोषलाई घोष मात्रै पनि भन्ने गरिन्छ ।) जुन जुन ध्वनि वर्णहरू उच्चारण गर्दा स्वर यन्त्रमा कम्पन पैदा हुँदैन ती ध्वनि वर्ण अघोष हुन् । नेपालीमा क ख च छ ट ठ त थ प फ स अघोष व्यञ्जन वर्ण हुन् । यस्तै जुन जुन ध्वनि वर्णहरू उच्चारण गर्दा स्वरयन्त्र मा कम्पन पैदा हुन्छ ती सघोष ध्वनि वर्णहरू हुन् । नेपालीमा ग,घ,ङ,ज,झ,ड,ढ,द,ध,न,ब,भ,म, य र ल व ह सघोष व्यञ्जन वर्ण हुन् ।

ध्वनि परिवर्तन– नाम, संस्कृत

भाषिक परिवर्तनका मुख्य ३ प्रकार वा दिशामध्ये ध्वनि परिवर्तन एक हो (अरू दुई व्याकरणिक परिवर्तन र अर्थ परिवर्तन) । भाषाको उच्चारणगत प्रक्रियामा अर्थपूर्ण लघुतम एकाई ध्वनिमा देखिने विचलन वा परिवर्तन नै ध्वनि परिवर्तन हो । कुनै पनि कुरा आधार वा कारण विना नभएजस्तै भाषामा ध्वनि परिवर्नन पनि निश्चित आधारमा हुन्छ । ध्वनि परिवर्तनका क्रममा देखिने स्पष्ट आधार वा प्रक्रियालाई ध्यानमा राखेर नै ध्वनि परिवर्तनका प्रकारहरू निर्धारण गरिएको हुन्छ । ध्वनि परिवर्तनको प्रकारलाई ध्वनि परिवर्तनको दिशा भनिन्छ । भाषामा सबै भन्दा बढी परिवर्तन हुने पक्ष नै ध्वनि हो ।

ध्वनि परिवर्तनका क्रममा शब्द भित्रका एक ध्वनिको प्रभावमा अर्को ध्वनि पनि उस्तै हुन्छ । (समीभवन) । समान ध्वनिहरू असमान ध्वनिहरूमा फेरिन्छन् (विषभीभवन) । शब्दमा आउने ध्वनिहरूले स्थान बदल्ने पनि गर्छन् (विपर्यास) । कुनै शब्दमा नयाँ ध्वनि थपिने गर्दछ । ( आगम) । कहीँ भएको ध्वनि हराउने गर्दछ (लोप) । कुनै शब्दमा अघोष ध्वनि सघोषमा परिणत हुन्छ (घोष भवन) कुनै शब्दमा घोष ध्वनि अघोषमा परिवर्तन हुन्छ (अघोषीभवन) । यस्तै महाप्राण ध्वनि अल्पप्राण (अल्पप्राणीभवन) र अल्पप्राण ध्वनि महाप्राण (महाप्राणीभवन) मा रूपान्तरित हुन्छन् । यसरी भाषाका शब्दहरूमा ध्वनिका तहमा विभिन्न तरिकाले परिवर्तन हुनु नै ध्वनि परिवर्तन हो । ध्वनि परिवर्तनका मुख्य मुख्य प्रकारहरूबारे सोदाहरण तल चर्चा गरिन्छ ।

(१) समीभवन - कुनै शब्दमा रहेका निकट दुई ध्वनिहरू एक, अर्काको प्रभावमा परेर दुबै ध्वनिहरू उस्तै बन्ने ध्वनि परिवर्तनको प्रक्रियालाई नै समीभवन भनिन्छ । समीभवनलाई केही विद्वान्हरूले एकीभवन (Merging) मर्जिङ्ग समीकरण पनि भनेका छन् । समीभवनलाई अङ्ग्रेजी Assimilation (एसिमिलेसन) शब्दले बुझिन्छ । समीभवन पनि उस्तै हुने क्रममा अघिल्लो जस्तो हुने (प्रगत), पछिल्लो जस्तो हुने (परागत) र परस्पर मिलेर तेस्रो ध्वनि बन्ने (पारस्परिक) आधारमा ३ प्रकारका हुन्छन् ।

| | |
|---|---|
| प्रगत- अघिल्लो जस्तो हुने | परागत- पछिल्लो जस्तो हुने |
| पक्क-पक्का, व-क | उत् + ज्वत - उज्जवल, त-ज् |
| चक- चक्का, र-क | कार्तिक-कात्तिक, र-त |
| पत्र-पत्ता, र-त | |

पारस्परिक -परस्परमा प्रभावित भई तेस्रो ध्वनि

| | |
|---|---|
| वत्स-बाच्छो | त+छ - च्छ |
| कार्य-काज | र+य् - ज |
| वाद्य-बाजा | द+य-ज |

(२) विषमीभवन (Dissimilation) – कुनै शब्दमा रहेका निकट दुई समान ध्वनिहरू एकाएक असमान ध्वनिमा बदलिनु नै विषभीभवन हो । विषभीभवनलाई पृथकीभवन पनि भनिन्छ । विषभीभवन मूलतः अघिल्लो ध्वनि स्थिर रही पछिल्लो मात्रै बदलिने (प्रगत) र पछिल्लो स्थिर रही अघिल्लो मात्रै बदलिने (परागत) आधारमा २ प्रकारका हुन्छन् ।

प्रगत-अघिल्लो स्थिर पछिल्लो विषय — परागत पछिल्लो स्थिर

कुक्कुर-कुखुरो → क-ख — पाताल- पताल → आ-अ

काक-काग → क-ग — मुजुर- मजुर → उ-अ

धाँधली-धाँदली → ध-द — आकाश- अकास →आ-अ

(३) विपर्यास (Motathesis) – कुनै शब्दमा आएका प्रायः निकटस्थ ध्वनिहरू एक आपसमा स्थान साटेर देखिन्छन् । शब्दका ध्वनिहरूको स्थान बदलिनु/उल्टापाल्टा हुनु वा साटिनु नै विपर्यास हो । विपर्यासलाई विपर्यय पनि भनिन्छ । जस्तै गुरुड-गडुर, पिशाच-पिचास, लज्जा-लाज, विरामी-बिमारी, बपर(फारसीमा)-बरफ, स्वर्ग-सगर

(४) आगम (Insertion) – मूल रूपमा नभएका स्वर-व्यञ्जन ध्वनिहरू थपिएर ध्वनि परिवर्तन हुन्छ । (निद्रा-निन्द्रा, सुख-सुक्ख, बाल-बालक) (आगाममा हेर्ने)

(५) लोप (Deletion) – लोप भन्नाले लुप्त हुनु, हराउनु, विलय हुनु, अस्तित्वमा नहुनु भन्ने बुझिन्छ । वक्ताका कारण प्रयत्न लघाव, छिटो बोल्ने आदि कारणले शब्दका कुनै ध्वनि हराउन पुग्दछन् । लोप हुने ध्वनिहरू स्वर र व्यञ्जन दुबै किसिमका हुन्छन् ।
जस्तै : स्वर-अबेर-बेर, अभ्यास्न्तर- भित्र, उपाध्याय-पाध्ये, कपडा-कप्डा, सरकार-सकांर जाति-जात्, काम-काम्, घर-घर् रीति-रीत् ।

(६) घोषीभवन– शब्दको निकटस्थ एउटा अघोष ध्वनि घोष ध्वनिमा परिवर्तन हुनु । काक- काग, शाक-साग, शकुन-सगुन

(७) अघोषीभवन– शब्दको निकटस्थ एउटा घोष ध्वनि अघोष ध्वनिमा परिवर्तन हुनु । खुब-खुप, किताब-किताप ।

(८) अल्पप्राणी भवन- शब्दको महाप्राण ध्वनि अल्पप्राण ध्वनिमा परिवर्तन हुने प्रक्रिया ।
जस्तै - बाघ-बाग, स्कन्ध-काँद, जिभ्रो-जिब्रो, बुढो- बुडो (कथ्य नेपाली) ।

(९) महाप्राणी भवन- शब्दको अल्पप्राण ध्वनि महाप्राणमा परिवर्तन हुने प्रक्रिया ।
जस्तै शुष्क–सुख, वाष्प-बाप, स्तन-थुन, वेष-भेष आदि ।

पिजिन – नाम, अङ्ग्रेजी

– Business - Pidgin

– पिजिन अस्थायी प्रकृतिको कामचलाउ सम्पर्क भाषा हो । यसलाई भाषाको अस्थिर प्रारूप वा स्वरूप मान्न सकिन्छ । दुई भाषा बोल्ने समूह-समुदाय एउटाले अर्काको भाषा नबुझ्ने अवस्थामा सम्पर्क गर्दा प्रायः एउटाको शब्द भण्डार र अर्काको व्याकरणमा आधारित रही बन्ने अस्थायी भाषिक रूपलाई नै पिजिन भनिन्छ ।

– पिजन शब्द अङ्ग्रेजी भाषाको बिजिनेस (Business) शब्दबाट बनेको हो । यसलाई व्यापारी भाषा पनि भनिन्छ । उपनिवेशीकरण वा व्यापार विस्तारका क्रममा विश्वका विभिन्न भागमा भाषिक भेदका रूपमा पिजिन भाषाको अस्तित्वमा आएको देखिन्छ । व्यापारिक प्रयोजनका लागि आएका विदेशी व्यापारीहरूको प्रभावका कारण आफ्नो भाषामा ती व्यापारीहरूको भाषिक तत्त्वहरू मिसिँदा संसारमा प्रशस्तै पिजिन भाषा देखा परे ।

– अङ्ग्रेजहरू चिनमा व्यापार गर्न जाँदा सुरु सुरुमा दुबै पक्षले एक अर्काको भाषासँग परिचित नभएकाले अङ्ग्रेजी चिनियाँको सम्मिश्रण गरेर एउटा विशेष प्रकारको अङ्ग्रेजी विकास गरे । बिजिनेस शब्दको चिनियाँ उच्चारण पिजिन भयो । 'बिजिनेस' अङ्ग्रेजी शब्द नै पिजिन अङ्ग्रेजी बन्न पुग्यो । पछि यसरी विकसित भएको कुनै पनि सम्पर्क भाषालाई पिजिन भाषा भनिन थालियो ।

– पिजिन भाषाहरू मूलतः अङ्ग्रेजी, स्पेनिस, फ्रान्सेली र पोर्तुगली भाषामा आधारित छन् । पिजिन भाषा कसैको पनि मातृभाषा हुँदैन । व्यापारिक प्रयोजन पूरा गर्ने हुँदा यसलाई व्यापारिक भाषा पनि भनिन्छ ।

– समान खाले भाषा नभएका मान्छेहरूमा बढी सम्पर्क हुँदा विकसित हुने, परस्पर विचार विनियम गर्नका लागि पिजिनको प्रयोग हुने, व्याकरणिक दृष्टिले सरलीकरण गरिने, अत्यन्त थोरै शब्दभण्डार हुने (१०००-२०००) प्रभुत्ववादी भाषामा आधारित हुने, व्याकरण व्यवस्था (वाक्य व्यवस्था) स्थानीय भाषामा आधारित हुने आदि पिजिन भाषाका प्रवृत्ति तथा विशेषता हुन् ।

- पिजिन भाषाहरू पूर्वी र पश्चिमी द्वीप समूहहरूमा अफ्रिका, अमेरिका र चिन आदि उपनिवेश विस्तार भएका स्थानहरूमा अस्तित्वमा रहेको पाइन्छ । पपुआ न्युगिनीमा तोक पिजिन, हवाइ द्वीपमा हवाइयाली पिजिन अङ्ग्रेजी, सोलोमन द्वीपमा सोर पिजिन र नाइजेरियामा नाइजेरियाली पिजिन अङ्ग्रेजी अस्तित्वमा छन् । पिजिन भाषिक रूप समय क्रममा हराउन पनि सक्छ । विकसित भएमा क्रेओल बन्दछ ।

प्राणत्व – नाम, संस्कृत

- प्राण+ त्व
- प्राण शब्दले सास/हावा/वायुलाई बुझाउँछ ।
- भाषा विज्ञानमा सास हुनुको भावसँग प्राणत्व शब्दको अर्थ जोडिन्छ र
- भाषिक ध्वनि उच्चारण गर्दा ध्वनि अवयवबाट बाहिर निस्कने सासको मात्रासँग सम्बद्ध भाव नै प्राणत्व हो ।
- भाषिक ध्वनि वर्ण उच्चारणका क्रममा कुनै ध्वनि वर्ण उच्चारण गर्दा सासको मात्रा कम र कुनैमा बढी निस्कन्छ ।
- प्राणत्वका आधारमा नेपाली भाषाका वर्णहरू अल्पप्राण र महाप्राण गरी दुई प्रकारका छन् ।
- थोरै सास निस्किएर उच्चारण हुने ध्वनि-वर्णहरू अल्पप्राण हुन् । धेरै सास निस्किएर उच्चारण हुने ध्वनि वर्णहरू महाप्राण हुन् ।
- नेपाली भाषामा प्राणत्वका आधारमा व्यञ्जन ध्वनि वर्णहरू यस प्रकार छन्-

| अल्प प्राण | | | | महाप्राण | |
|---|---|---|---|---|---|
| क | ग | ङ | | ख | घ |
| च | ज | | | छ | झ |
| ट | ड | | | ठ | ढ |
| त | द | न | | थ | ध |
| प | ब | म | | फ | भ |
| य | र | ल | व | स | ह । |

## निष्कर्ष

भावाभिव्यक्तिको संस्कृति, विचार विनिमयको संवाहक भाषा ध्यनि सङ्केत, लिपि सङ्केत र बोध प्रक्रियाको समग्र साङ्केतिक स्वरूप हो । उसका संरचक एकाइहरु ध्वनि, वर्ण, अक्षर, रूप, शब्द, शब्दावली, वाक्यांश, वाक्य, अनुच्छेद, सङ्कथन आदि हुन् । संस्कृति र सभ्यताको प्रतिच्छायाँ भाषा सामाजिक भावबिम्बहरुको विविध पक्षहरूलाई सङ्केतीकरण गरिएको भाव सङ्ग्रह सञ्चार गर्ने सङ्केत व्यवस्था नै भाषा हो ।

व्याकरण, भाषा र शास्त्र हुँदै विकसित भाषा सम्बन्धी तथ्यपरक, सार्वभौम वैज्ञानिक नियम सूत्र, सन्दर्भ, एकाई संरचना विधि प्रविधि मूल्य मान्यता वाद सिद्धान्त आदिबारे अध्ययन विश्लेषण गर्ने विज्ञान नै भाषा विज्ञान हो । यसका प्रमुख प्रकारहरूमा सैद्धान्तिक भाषा विज्ञान (सामान्य भाषा विज्ञान) प्रायोगिक भाषा विज्ञान, ऐतिहासिक भाषा विज्ञान, तुलनात्मक भाषा विज्ञान, वर्णनात्मक भाषा विज्ञान, ध्वनि विज्ञान, वर्ण विज्ञान, रूप विज्ञान, वाक्य विज्ञान, अर्थ विज्ञान आदि छन् । अतः यस आलेखमा भाषा र भाषा विज्ञानको शाखाहरूमा प्रयोग प्रचलनमा रहेका पाँच सयभन्दा ज्यादा पारिभाषिक तथा प्राविधिक शब्दहरूमा केन्द्रित रही नेपाली भाषामा भाषा विज्ञान कोशको आवश्यकता औंल्याई केही प्रतिनिधिमूलक सीमित शब्द शब्दावलीहरूको कोशीय प्रारूप प्रस्तुत गरिएको छ । नेपाली भाषामा भाषाविज्ञानकोश निर्माणका लागि गहन खोज अनुसन्धानको आवश्यकता पर्दछ ।

**कृतज्ञता ज्ञापन**

*यो लेख "आधुनिक नेपाली भाषाकोशको लेखन" शीर्षकमा पृथ्वीनारायण क्याम्पस अनुसन्धान समितिद्वारा प्रदान गरिएको लघु अनुसनधान अनुदान प्राप्त गरी त्यसैको प्रतिवेदनको आधारमा तयार पारिएको हो । सल्लाह सुझाव दिनुहुने व्यक्तित्वहरू चूडामणि बन्धु, प्रा.डा. माधव प्रसाद पोखरेल, प्रा.डा. देवी प्रसाद गौतम, प्रा.डा. विष्णु प्रसाद पौडेल र सह.प्रा.डा. यमनाथ तिम्लिसिनामा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।*

**सन्दर्भ सूची**

आचार्य, कृष्ण प्रसाद (२०६८), *भाषा विज्ञान र नेपाली भाषा,* काठमाडौं : क्षितिज प्रकाशन ।

तिवारी, भोलानाथ (२०२०), *भाषा विज्ञान कोश,* वाराणसी : ज्ञानमण्डल लिमिटेड ।

द्विवेदी, कपिलदेव (सन् १९९४), *भाषा विज्ञान एवम् भाषा शास्त्र* (चौंथो संस्करण) वाराणसी : विश्वविद्यालय प्रकाशन, ।

न्यौपाने, टङ्क प्रसाद र अरू (२०६९), *सामान्य भाषा विज्ञान,* काठमाडौं : सनलाइट पब्लिकेसन ।

पोखरेल, बालकृष्ण (नि.) र अरू (२०५२), *नेपाली बृहत् शब्दकोश,* काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

बन्धु, चूडामणि (२०४८), *भाषा विज्ञान* (पाँचौं संस्करण), काठमाडौं : साझा प्रकाशन ।

लुइँटेल, खगेन्द्र प्रसाद (२०५८), *कोश विज्ञान,* काठमाडौं : प्रस्तुती प्रकाशन ।

शर्मा, मोहन राज र खगेन्द्र प्रसाद लुइँटेल (२०६०), *आधुनिक भाषा विज्ञान,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।